# NEPALI

**(Second Language)**

***(Three hours)***

***Answers to this Paper must be written on the paper provided separately.***

*You will **not** be allowed to write during the first **15** minutes.*

*This time is to be spent in reading the question paper.*

***The time given at the head of this Paper is the time allowed for writing the answers.***

---

*This paper comprises of two Sections : **Section A** and **Section B.***

*Attempt **all** the questions from **Section A.***

*Attempt any **four** questions from **Section B**, answering at least **one** question each from **two** books you have studied and **any two** other questions.*

*The intended marks for questions or parts of questions are given in brackets [ ].*

---

## SECTION—A (40 Marks)

*Attempt **all** questions*

**Question 1**

Write a short composition in **Nepali** of approximately **250** words on any **one** of the following topics :— [15]

निम्नलिखित विषयहरूमध्ये कुनै **एक** विषयमाथि **नेपालीमा** लगभग **250** शब्दहरूको लम्बाइमा एक संक्षिप्त निबन्ध लेख :—

(i) विद्यार्थी जीवन मानिसको जीवनको घड़ेरी हो। यो जीवन सफल भए उसको भविष्य सुखमय हुन्छ भन्ने कुरा वयक्त गर्दै यसको निम्ति विद्यार्थीले गर्नुपर्ने कर्तव्य विषय आफ्नो विचार व्यक्त गर।

(ii) आवश्यक सम्वाद, पात्र-पात्रा र घटनाको आधारमा नराम्रो संगतमा परेर बिग्रिएको कथानकमा एउटा कथा लेख।

(iii) आफ्नो जीवनमा प्रभावित एक आदर्श व्यक्तिको विषय चर्चा गर्दै आफू पहिला कस्तो थियौ अनि उसको प्रभावले अहिले कस्तो भयौ भन्ने विषय वर्णन गर।

(iv) ''हुने बिरुवाको चिल्लो पात नहुने बिरुवाको फुस्रो पात'' यस उखानको भावलाई आवश्यक उदाहरण दिएर विस्तार गर।

(v) तलका चित्र हेरेर त्यसबाट तिम्रो मनमा कस्ता भावना उत्पन्न हुन्छ लेख।



**Question 2**

Write a letter in **Nepali** in approximately **120** words on any **one** of the topics given below :— [7]

निम्नलिखित कुनै **एक** विषयमाथि **नेपालीमा** लगभग **120** शब्दहरूको लम्बाइमा पत्र लेख :—

(i) कुनै एक जरूरी विषय लिएर धेरै वर्षदेखि भेट नभएको आफन्तलाई पत्र लेख।

(ii) आफ्नो घरमा हुन गइरहेको महत्वपूर्ण कार्यक्रमको जानकारी दिएर आफ्नो विद्यालयका प्राचार्य तथा प्राचार्यालाई तीन दिनको छुट्टी मागेर पत्र लेख।

**Question 3**

Read the following passage carefully and answer in **Nepali** the questions that follow, using your own words as far as possible :—

तल दिइएका उद्धरण ध्यानपूर्वक अध्ययन गर अनि त्यसपछि दिइएका प्रश्नको उत्तर **नेपालीमा** लेख। उत्तरहरूमा जतिसक्दो आफ्नै शब्द प्रयोग गर। :—

रीसको धुनमा परेपछि मान्छेले आँखा देख्दैन। जुन कारणले रीस उठेको छ, त्यसमा कहाँसम्म सत्यता छ, त्यस विषयमा उसले सोच्न सक्तैन। सायद रीसको आतिशय तापले बाफिएर मगजको सोच्नेशक्तिको झ्याल रसिँदो हो। बस्नेतलाई पनि त्यस्तै भयो। घर पुगेर उसले केही सोधपुछ नगरी छोरीचाहिँलाई, ''गाईलाई किन भोकै राखिस् ?'' भन्दै तीनचार स्वाँठ कस्यो। घरमा कलह मच्चियो। अगेनाको छेउमा बसेर ख्वाक् ख्वाक् खोकिरहेकी मुखेनी छोरीको धुर थाम्दै लोग्नेसित कराउन थाली, ''तिमीलाई किन यसरी भूत चढ़ेको हँ ? दिनभरि भोकै भए, त्यो लालमु त्यसरी चुपचाप बस्थी ? बिचरी मेरी छोरी सकी नसकी काम गर्छे, तितेनी घारीबाट दिनमा दुईपटक घाँस ओसार्छे, गाई यसैको भरमा छ। कामले थिचेर झिनो भैसकेकी छ र पनि यसले काम गरेकी देख्दैनौ ?''

''गाई भोकै भए कराएर गाउँनै उचाल्ने थिई।'' यस कुरोले उसलाई आफ्नो भूल थाहा भयो। छोरीलाई व्यर्थै पिटेछु भन्ने पछुतावले उसलाई पिर्‍यो। उता बाटुली भने आमाको फुस्ल्याइँ पाएर अझ चिच्याई चिच्याई रूनथाली। त्यसको रूवाइसँग होड़ मिलाए झैँ गरी परतिरको कमानबारीमा स्यालहरू पनि रून थाले। त्यस रात बाटुली भोकै सुती।

घाँस पानीको पौल भए तापनि गाईले दूध हप्ता-दिनसम्म पनि पुरा नदिँदा बस्नेतले चिम्से झाँक्रीको शरण लिने अठोट् गर्‍यो। आइतबारको दिन सखारै उसले झाँक्रीलाई घरमा लिएर आयो। हेर-बिचार गर्नु। हाम्रो समाजका अरू दशजना झाँकीहरूमा पाइने गुण, चिम्से झाँक्रीमा पनि थियो। उसले गोठमा गएर गाईको संक्षिप्त जाँच गर्‍यो, गौ-धूप जलाएर गोठ वरिपरि घुम्यो, मनमनै मन्त्र जप्यो। त्यसपछि बस्नेतलाई काँसको थालमा तीन मुठी चामल मागेर जोखना हेरिरहृयो, चामलका गेड़ाहरू जोर बिजोर गरिरह्यो। त्यसरी चामल खेलाएर पन्द्रह-बीस मिनेटसम्म कुरा मथ्ने मौका पाइसकेपछि, उसले केही गम्भीर हुँदै भन्यो, ''मुखिया नानी, तिम्रा गाईहरूलाई बोक्सी-डायनी केही लागेको छैन। अँ, गोठको देउता अलि रिसाएको रहेछ.....।'' कुरा नटुंग्याई उ चूप लाग्यो। बस्नेतले हार-गुहार माग्छ भन्ने उसलाई पूर्ण आशा थियो। फेरि भाउ कस्ने मौका पनि त यही हो। आजकल यस्तो मौका पनि घरिघरि कहाँ पाइन्छ र ! गाउँको स्कूलमा नयाँ मास्टर-साहेब आएकादेखि मान्छेहरूले हामीलाई बिर्सिसकेका छन्। बिरामी भए डाक्टर बोलाउँछन्, सियो लाउँछन्, हजार किसिमका दबाई खान्छन्-तर हामीलाई बोलाउँदैनन्। अस्ति

मास्टर साहेबले – "धामीहरू धूर्त हुन्छन् – धोखाबाज हुन्छन्। जोखना हेर्ने, चिन्ता बस्ने बहाना गरेर रूपियाँ पैसा ठग्छन् .....।" हामीले यसरी कुरा बनाएर भनेको कसरी तिनले थाहा पाए ! पढ़न्ते मान्छेहरूले पो आजकाल पक्कै आँखा देख्न थालेछन् कि क्या हो !

(i) बस्नेतको सोच्ने शक्तिको झ्याल केले रसाई दियो ? [2]

(ii) बस्नेतले आफ्नी छोरीलाई किन तीन-चार स्वाँठ कसेको हो ? [2]

(iii) चिम्से झाँक्रीले कसरी जोखना खुट्यायो ? [2]

(iv) मास्टर साहेब आएपछि गाउँका मानिसहरूले के गर्न छाड़ेछन् ? [2]

(v) मास्टर साहेबले गाउँका मानिसहरूलाई कस्तो कुरामा सचेत गरायो ? [2]

**Question 4**

Answer the following questions according to the instructions given :—

तल दिइएका निर्देशन अनुसार प्रस्तुत प्रश्नका उत्तर लेख :—

(i) कुनै एक शब्दको **तीनवटा** पर्यायवाची शब्द लेख :— [1]

घर, साथी, आमा, घाम।

(ii) कुनै **दुइवटा** शब्दको विपरीतार्थक शब्द लेख :— [1]

अल्छे, औंसी, पूर्व, कठोर।

(iii) कुनै **दुइवटा** नेपाली महीनाको नाम लेख। [1]

(iv) निम्नलिखित वाक्यलाई शुद्ध गर :— [1]

नेपालमा भूकम्पले धेरै मानिसहरू मऱ्यो।

(v) कुनै **एक** वाग्धारको अर्थ खुल्ने गरी वाक्य बनाऊ :— [1]

जिब्रो टोक्नु, आशा मार्नु, जरा खन्नु, हात हाल्नु।

(vi) वाक्यलाई स्त्रीलिंगमा परिणत गर :— [1]

यो केटो साह्रै छुच्चो छ।

(vii) कुनै एउटा उखानलाई पुरा गर :— [1]

आमा-बाबुको मन छोराछोरीमाथि ........................।

जुन थालमा खानु .........................।

लोभले लाभ .......................।

(viii) **नेपालीमा** अनुवाद गर :— [1]

How did Aladdin behave with his father ?

## SECTION—B (40 Marks)

*Attempt* ***four*** *questions from this Section.*
*You must answer at least* ***one*** *question from each of the* ***two*** *books you have studied and any* ***two*** *other questions.*

### साहित्य कुञ्ज—गद्य खण्ड
### SAHITYA KUNJ—GADH KHAND

**Question 5**

Read the extract given below and answer in **Nepali** the questions that follow :—
निम्न अवतरित उद्धरण पढ़ अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर **नेपालीमा** लेख :—

"सबले भन्छ हामीलाई चपरासीको छोरा, चपरासीकी छोरी।'' अजयले फेरि आफैलाई भन्यो "अफिसमा मलाई हाम्रो चपरासीहरूले पनि त्यसै भन्छ। हाम्रो अर्को नाम हुँदैन ?'' चपरासीकी छोरी भनेपछि अपढ़ र चोरले पनि मेरी बैनीलाई हेर्ने आँट गर्छ। तिमीलाई धम्काउने हिम्मत गर्छ।

**चप्रासी : इन्द्रबहादुर राई**
**Chaprasi : Indrabahadur Rai**

(i) प्रस्तुत अभिव्यक्ति कसले कसलाई व्यक्त गरेको हो ? [2]

(ii) अजयको कुरा अनुसार उसको परिवार कुन नामले परिचित रहेछ ? [2]

(iii) कसको अफिसमा कसले कसलाई के भन्दोरहेछ ? [3]

(iv) केकारण कसले कसलाई हेर्ने आँट र धम्काउने हिम्मत गर्दोरहेछ ? [3]

## Question 6

Read the extract given below and answer in **Nepali** the questions that follow :—
निम्न अवतरित उद्धरण पढ़ अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर **नेपालीमा** लेख :—

जन्तरी र कान्छीले पनि बैंस नाघिसकेर कुटुम्बको गत लागे। अन्तरी फुरुक्क परेकी छोरीलाई सुहाउँदिलो जामा ल्याईदिएर टुकुटुकु हिंड़ाउँदै टीका लगाउन आउँथी। अरू बहिनीहरू पनि ज्वाईंसँग आउँथे। यसैमा बूढ़ी-बूढ़ीलाई सन्तोष थियो।

**संगत : बद्रीनारायण प्रधान**

**Sangat : Badrinarayan Pradhan**

(i) जन्तरी र कान्छीअधिका शब्दहरू लेख। [2]

(ii) "कुटुम्बको गत लागे" भन्नाले के बुझिन्छ ? [2]

(iii) को कसकहाँ कसरी टीका लगाउन आउँथी ? [3]

(iv) कसलाई कुन सम्झनाले दुःखी पार्थे अनि कुन कुराले सन्तोष दिन्थे ? [3]

## Question 7

Read the extract given below and answer in **Nepali** the questions that follow :—
निम्न अवतरित उद्धरण पढ़ अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर **नेपालीमा** लेख :—

सिमाना, सुके, घुम पार गर्दै उदेक लाग्दा घर, कोठी, जंगबीरको हिटी, स्टेशन, रेलगाडी, लिख, हावागाड़ी अचम्भ अचम्भका चीजरूको दर्शन गर्दै त्यो बजार आइपुग्यो। एकछिन ता चारैतिर झिलिमिली देख्ता त्यसलाई साँच्चै बैकुण्ठ पुगे जस्तो लाग्यो। तर त्यसलाई दुइ थोकले औधी डर लाग्यो।

**गाड़ीमान : इन्द्र सुन्दास**

**Gariman : Indra Sundas**

(i) प्रस्तुत अवतरणमा कसको कुरा गरिएको हो ? [2]

(ii) प्रस्तुत अवतरणमा चर्चित व्यक्ति कहाँबाट आएको हो ? [2]

(iii) को कहाँको दर्शन गर्दै कहाँ आइपुग्यो ? [3]

(iv) के देख्दा कसलाई कुन ठाउँ बैकुण्ठ जस्तो लागेछ ? [3]

## साहित्य कुञ्ज : पद्य खण्ड
## SAHITYA KUNJ : PADYA KHAND

### Question 8

Read the extract given below and answer in **Nepali** the questions that follow :—
निम्न अवतरित उद्धरण पढ़ अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर **नेपालीमा** लेख :—

कतै पेह्लो जान्छ कि भन्दै डराउँछ यो मन !
चैत बैशाखको हुरी-बतास र भत्भती पोल्ने घाम
पात पत्कर सबै-सबै
झुला भएका छन्
कतै आगो टिप्छ भनेर
डराउँछ कृषकको मन।

**मन : गिर्मी शेर्पा**
**Man : Girmi Sherpa**

(i) प्रस्तुत कविता कसले लेखेका कुन कवितामा पाइन्छ ? [2]

(ii) मनमा कतिबेला कस्तो डर हुँदोरहेछ ? [2]

(iii) कुन महिनाको भत्भती पोल्ने घाममा के हुँदोरहेछ ? [3]

(iv) प्रस्तुत कविताका कविले प्राप्त गरेका एउटा पुरस्कारको नाम लेख। [3]

### Question 9

Read the extract given below and answer in **Nepali** the questions that follow :—
निम्न अवतरित उद्धरण पढ़ अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर **नेपालीमा** लेख :—

लक्ष्य भएको मानिस साँच्चै
अर्जुनजस्तै हुन्छ
लक्ष्यबिनाको मानिस जगमा
काम नलाग्ने हुन्छ।

**लक्ष्य : पारसमणि प्रधान**
**Lakshya : Parasmani Pradhan**

(i) प्रस्तुत पद्य पाइने कविताका पहिलो दुई लहर लेख। [3]

(ii) प्रस्तुत अवतरणमा चर्चित अर्जुन को हो ? के गरे मानिस अर्जुन जस्तो हुन सक्दोरहेछ ? [3]

(iii) केलाई लक्ष्य भनिन्छ ? [2]

(iv) "जग" को अर्थ लेख। कस्तो मानिस जगमा बेकामे हुँदोरहेछ ? [2]

**Question 10**

Read the extract given below and answer in **Nepali** the questions that follow :—
निम्न अवतरित उद्धरण पढ़ अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर **नेपालीमा** लेख :—

राजा रङ्क सबै समान उसका वैषम्य गर्दैन त्यो
आयो टप्प टिप्यो, लग्यो, मिति पुग्यो टारेर टर्दैन त्यो
लाखौँ औषधी, अस्त्र-शस्त्र महिमा देखेर डर्दैन त्यो
व्याधा-तुल्य लुकेर चल्दछ सदा, मारेर मर्दैन त्यो।

**काल महिमा : लेखनाथ पौड्याल**

**Kaal Mahima : Lekhnath Paudyal**

(i) कसले कसलाई कसरी टिपेर लाँदोरहेछ ? [2]

(ii) कसले राजा रङ्क कसैमा वैषम्य नगर्दोरहेछ ? [2]

(iii) को केसित पनि नडराउँदो रहेछ ? [2]

(iv) कसलाई मार्न नसकिँदोरहेछ ? व्याधा-तुल्य लुकेर चल्नु भन्नाले के बुझिन्छ ? [4]

## भ्रमर : रूपनारायण सिन्हा

## BHRAMAR : ROOPNARAYAN SINHA

**Question 11**

Read the extract given below and answer in **Nepali** the questions that follow :—
निम्न अवतरित उद्धरण पढ़ अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर **नेपालीमा** लेख :—

मायाले रूँदै-रूँदै भनी - । "तर समाजले हामीलाई के भन्ला ? आमा बाबुले यस्ता मनपरीका कुरामा कैले सम्मति देलान्। संसारका हामी हाँसो हुन्छौँ।''

(i) प्रस्तुत अवतरणमा चर्चित माया को हुन् ? उनी किन त्यसरी रोएकी हुन् ? [2]

(ii) किन कस्ता कुरा आमा बाबुले सम्मति दिने छैनन् ? [3]

(iii) मायाले कसलाई कुन कुरोमा "संसारका हामी हाँसो हुन्छौँ।'' भनेकी हुन् ? [2]

(iv) प्रस्तुत अभिव्यक्ति मायाले कसलाई कहाँ व्यक्त गरेकी हुन् ? [3]

## Question 12

Read the extract given below and answer in **Nepali** the questions that follow :—

निम्न अवतरित उद्धरण पढ़ अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर **नेपालीमा** लेख :—

वृद्धले फेरि त्यस्तै स्वरमा भने – "लौ त यो ता असल कुरो हो । अपराध स्वीकार गर्नु स्वाभिमानी पुरुषको गुण हो। म के भन्छु र।'' फेरि चर्को स्वरले भने – "रामे ! ए रामे ! ठूली मैयालाई बोला बोला।''

(i) प्रस्तुत वार्तालाप कहाँ भएको हो, त्यहाँ को-को थिए ? [2]

(ii) वृद्धले केलाई कसको गुण हो भनेका हुन् ? [3]

(iii) को कसकहाँ कस्तो अपराधको क्षमा माग्न आएको थियो ? [3]

(iv) प्रस्तुत अवतरणमा चर्चित ठूली मैया र रामे को को हुन्। [2]

## Question 13

Read the extract given below and answer in **Nepali** the questions that follow :—

निम्न अवतरित उद्धरण पढ़ अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर **नेपालीमा** लेख :—

शेखर त्यहाँ एउटा माटाको अन्धकूपको अघि आएर उभियो अनि ढ़ोका ढ़क्ढ़काएर एकछिन् पर्ख्यो। एकछिनपछि ढ़ोकाको छेउमा एउटा प्वालमा कालो नेत्र देखाह परयो। त्यसपछि चुराहरू बजेको शब्द सुनियो। ढ़ोका उघ्रो अनि त्यस अन्धकूपमा, त्यस नरकतुल्य स्थानमा एउटी सुन्दरी देखा परी।

(i) यहाँ केलाई किन अन्धकूप भनिएको हो ? [2]

(ii) उक्त अन्धकूप कहाँ थियो ? त्यहाँ शेखर किन गएको हो ? [3]

(iii) त्यस अन्धकूपमा बस्ने सुन्दरी को हो ? किन उ त्यहाँ बसेकी हो ? [3]

(iv) त्यस अन्धकूपलाई किन नरकसित तुलना गरिएको हो ? [2]

एकाङ्की कुञ्ज

**EKANKI KUNJ**

**Question 14**

Read the extract given below and answer in **Nepali** the questions that follow :—
निम्न अवतरित उद्धरण पढ़ अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर **नेपालीमा** लेख :—

**श्यामकुमार** : (आमाको छेउमा गएर) आमा, प्यासतोलमा पड्काउने क्याप कति गर्छ ?

**श्यामकी आमा** : त्यो जुत्ताको लेस राम्रो लगा त, ऐले त्यसैमा अल्झेर लड्छस्। औ, यसलाई चार आना दिइहाल त क्याप किनोस्।

**टीका : मोहन-पुकार**

**Tika : Mohan-Pukar**

(i) श्यामकुमार को हो ? "क्याप कति गर्छ ?" भनेर उसले कसलाई के सोधेको हो ? [3]

(ii) कसले कसलाई किन "त्यो जुत्ताको लेस राम्रो लगा त" भनेको हो ? [2]

(iii) यहाँ "यसलाई" बाट को बुझिन्छ ? उसलाई कसले केको निम्ति कति रूपियाँ दियो ? [3]

(iv) प्रस्तुत सम्वादमा "औ" भनेर कसले कसलाई सम्बोधन गरेको हो ? [2]

**Question 15**

Read the extract given below and answer in **Nepali** the questions that follow :—
निम्न अवतरित उद्धरण पढ़ अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर **नेपालीमा** लेख :—

**टुल्की** : किन चाहियो हारमोनि ? हारमोनिले खान दिन्छ ? बरू यस पालाको बोनसको पैसाले एउटा दुधालु गाई किन्नुपर्छ। दूध दही खान पाए जीउमा पोष त लाग्छ।

**मानवीर** : हैन, छोरीले गीतमा नाउँ कमाउँदैछे, कहिलेबाट हारमोनि किन्ने उसको रहर। खाएर मात्र हुन्छर मान्छेले। कलाको मूल्य बुझ्नु पो पर्छ। हारमोनि पनि चाहिने कुरो नै हो।

**माग : लीलबहादूर छेत्री**

**Maag : Leelbahadur Chetri**

(i) हारमोनि कसलाई किन चाहिएको रहेछ ? [2]

(ii) टुल्की को हो ? उसले कसलाई कस्तो इच्छा प्रकट गरी ? [2]

(iii) छोरीको नाम के हो ? उसलाई आमाले कुन नामले बोलाउँदो रहेछिन् ? [3]

(iv) मानवीर को हो ? उनले कसलाई के भन्दै सम्झाए ? [3]

**Question 16**

Read the extract given below and answer in **Nepali** the questions that follow :—

निम्न अवतरित उद्धरण पढ़ अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर **नेपालीमा** लेख :—

**विकास** : हुँदैन, हुँदैन पछि त्यसले सबैलाई लट्याएर सबको अधिपति त्यै हुन्छ।

**गुरुङ्नी बोजू** : (भावपूर्ण टाउको हल्लाउँदै) अँ आज पो थाहा भयो, छोराछोरी कति ठूलो भएछ। आमा-बाबुका कुरा छटाछट् काट्ने बरा। तर नानी हो। गरेर खानु चाहिँ साह्रै छ है। लट्टे पड्केको जस्तो होइन। त्यो कटुवाल केटालाई त्यसै लगारिपठाउन म दिदिंनँ .... अरु जसो गर।

**साहिनु : सानुभाइ शर्मा**

**Saahinu : Sanubhai Sharma**

(i) विकास को हो ? उसले के गर्न चहान्छ ? [2]

(ii) गुरुङ्नी बोजू को हो ? उसले यो उमेरमा के अनुभव गरी। [3]

(iii) गुरुङ्नी बोजूले कोसित कुन कुरोको विरोध गरी ? [3]

(iv) गरेर खानु भनेको के हो ? गरेर खानु कस्तो रहेछ ? [2]